"कृषि, पर्यटन, उर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार"
# अन्नपूर्ण गाउँपालिका
# Annapurna Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
माछापोखरी, कास्की (Machhapokhari, Kaski)
गण्डकी प्रदेश नेपाल
Gandaki Province, Nepal

पत्र संख्याः २०८१/०८२
चलानी नं.:

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय माछापोखरी कास्की गण्डकी प्रदेश नेपाल २०७३

मितिः २०८१/१२/२९

## हार्दिक अपिल

नेपाल शिक्षक महासंघको आह्वानमा शिक्षकका पेशागत हकहित तथा अधिकारको विषयलाई मुख्य एजेण्डा बनाई देशभरका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारी लामो समय देखि आन्दोलनरत रहेको अवस्था छ। शिक्षा नागरिकको संविधान प्रदत्त मौलिक हक हो। शैक्षिक सत्र २०८२ का भर्ना अभियान लगायतका शैक्षिक गतिविधि तथा पठनपाठनका कार्यहरु प्रभावित भएका छन। संवेदनशिलताको हिसावले परिवर्तित अवस्थामा लामो समयसम्म संघिय शिक्षा ऐन नआएकाले अन्यौलताको अवस्थामा यस प्रति हामी सबै थप संवेदनशिलता र जवाफदेही हुनु जरुरी छ।

नेपाल शिक्षक महासंघले राखेका माग प्रति अन्नपूर्ण गाउँपालिका, कास्कीले पूर्ण ऐक्यबद्धता जनाउँदै सार्वजनिक शिक्षा सुधारका लागी शिक्षक कर्मचारीका संविधान सम्मत जायज मागलाई संवोधन गरी नयाँ संघिय शिक्षा ऐन जारी गर्नका लागि आवश्यक प्रवन्ध मिलाई शिक्षक कर्मचारीहरुलाई नयाँ शैक्षिक सत्रमा कार्यस्थलमा उत्साहका साथ फर्कने वातावरण तयार गरिदिनुहुन नेपाल सरकार समक्ष हार्दिक अपिल गर्दछु।

विष्णु बहादुर के.सी
अध्यक्ष

विष्णु बहादुर के.सी.
अध्यक्ष